# स्थानीय राजपत्र


**भिमाद नगरपालिकाद्वारा प्रकाशित**

**(खण्ड ८) भिमाद मंसिर ६ गते, २०८१ साल (संख्या ८)**


## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

भिमाद नगरपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले नगर कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, सङ्कलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी **(पहिलो संशोधन) कार्यविधि, २०८१** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **मूल कार्यविधिको दफा ६ मा संशोधन** : मूल कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (ङ) र (च) मा संशोधन गरी गरी देहायको खण्ड (ञ) थप गरिएको छ ।

(ङ) मूल कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (ङ) मा देहायको प्रतिवन्धात्मक वाक्यांशा थप गरिएको छ ।

तर वडा कार्यालयको सिफारिस प्राप्त हुन नसकेको खण्डमा कार्यपालिकाको निर्णयानुसार हुनेछ।

(च) मूल कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (च) मा एक रोपनीको सट्टामा दुई रोपनी र १०० घनमिटरको सट्टामा १,००० घनमीटर घनमिटर कायम गरिएको छ।

(ञ) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नुनपर्ने निजि जग्गाको हकमा जग्गा धनीले आफ्नो जग्गा उत्खनन् इजाजत लिनुपूर्व निजको सधियारा मञ्जुर हुन नसकेको अवस्थामा प्राविधिकको राय प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको निर्णय बमोजिम जग्गा धनिलाई उत्खनन् इजाजतपत्र प्रदान गर्न बाधा परेको मानिने छैन ।

३. **<u>मूल कार्यविधिको दफा ७ मा संशोधन</u>** : मूल कार्यविधिको उपदफा (१) र उपदफा (३) मा देहाय संशोधन गरी उपदफा_(८) र (९)थप गरिएको छ ।

(१) उपदफमा (१) मा ५० घनमिटरको सट्टा १,००० घनमिटर कायम गरिएको छ

(२) उपदफा (३) मा कायम रहेको समितिलाई देहाय बमोजिम हुने गरी कायम गरिएको छ

| | |
|---|---|
| (क) नगर उपप्रमुख | -संयोजक |
| (ख प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग पूर्वाधार शाखा प्रमुख | -सदस्य |
| (घ) वन, वातावारण तथा विपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| (ङ ) राजश्व शाखा प्रमुख | -सदस्य- सचिव |

(८) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नुपूर्व नगरपालिकावाट सो सम्बन्धी कार्यदिश स्वीकृत गराउनुपर्नेछ ।

(९)प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको क्रममा लाग्ने सम्पूर्ण खर्च जग्गा धनिले वेहोर्नुपर्नेछ ।

४. **<u>मूल कार्यविधिको दफा ७ को उपदफा (७) मा संशोधन</u>** - "**एक रोपनी**"को सट्टा "**दुई रोपनी**" शब्द कायम गरिएको छ ।

**५. <u>मूल कार्यविधिको दफा १० मा संशोधन</u>**- (१)मूल कार्यविधिको उपदफा (१) पश्चात देहायका उपदफा (२) , (३),(४), (५) र (६) थप गरिएको छ।

(२ ) दफा (१) बमोजिम निर्धारण गरिएको राजश्व जग्गा धनि स्वयं वा निजको अख्तियारी प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछ ।

(३ ) उपदफा (१) बमोजिम लाग्ने कुल राजश्वको हुन आउने १० प्रतिशत बराबर रकम जग्गा धनीले धरौटी राख्नुपर्ने छ ।

(४) जग्गाको भौतिक अवस्थाको कारण कार्य सम्पन्न पश्चात थप कार्य गर्नुपर्ने अवस्थामा प्राविधिक प्रतिवेदनको आधारमा थप धरौटी माग गर्न सकिनेछ ।

(५) सम्झौताका सर्तहरु बमोजिम कार्य नगरी प्राविधिक प्रतिवेदनका सर्तहरु प्रतिकूल कार्य गरेको, वरवरको कुलो वाटो लगायत वातावरणमा नकारात्मक असर गर्ने काम गरेको अवस्था देखिएमा निजको धरौटी रकम जफत गरी नगरपालिकाले उक्त असरको न्यूनीकरणमा गर्नुपर्ने क्रियाकलापमा खर्च गर्न सक्नेछ ।

(६) उपदफा (३) बमोजिमको धरौटी रकम सम्झौताका सर्त बमोजिम सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्य सम्पन्न भए पश्चात प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

६. **<u>मूल कार्यविधिको दफा १७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १७ को दण्ड शब्द झिकी देहाय दफा १७ कायम कायम गरिएको छ ।

(१) यस कार्यविधि विपरित कार्य गरेमा गण्डकी प्रदेश आर्थिक ऐन अनुसार जरिवाना गरिनेछ ।

आज्ञाले

प्रमाणिकरण मितिः २०८१/०८/०६

कमलप्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ८०।-**